जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५४ | २०८३ साल बैशाख १६ गते बुधवार | Wednesday-29-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## सीमामा निगरानी फितलो ? भारततर्फ पुगेपछि मात्र नियन्त्रणमा आयो ३० किलो गाँजा

***शु.आ. सम्बाददाता***
***बारा, १५ बैशाख***

नेपाल-भारत सीमाक्षेत्रमा सुरक्षात्मक निगरानीको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्ने घटना सार्वजनिक भएको छ । नेपालतर्फबाट सहजै पार भई सीमासम्म पुगेको ठूलो परिमाणको लागूऔषध भारत प्रवेश गर्नुअघि मात्रै भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएपछि स्थानीय तहमा सुरक्षा संयन्त्रको भूमिकामाथि आलोचना सुरु भएको हो ।



सोमबार साँझ करिब ५ बजेतिर बारासँग जोडिएको झरोखर नजिकको नो म्यान्स ल्याण्ड क्षेत्रमा भारतीय सशस्त्र सीमा बल (एसएसबी) र भारतीय प्रहरीको संयुक्त टोलीले नियमित चेकजाँचका क्रममा शंकास्पद सवारी साधन फेला पारेको थियो । भारत प्रवेशका लागि पालो कुरेर उभिएका सवारीमध्ये बीआर ०५ पी ७३१८ नम्बरको टाटा सफारी गाडीलाई रोकेर जाँच गर्न खोज्दा चालक गाडी त्यत्तिकै छाडेर फरार भएको भारतीय पक्षले जनाएको छ। त्यसपछि गरिएको विस्तृत तलासीका क्रममा गाडीभित्र प्लास्टिकका प्याकेटमा लुकाइ राखिएको करिब ३० किलोभन्दा बढी गाँजा बरामद भएको एसएसबीले पुष्टि गरेको छ । एसएसबी मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट विश्वजित तिवारीका अनुसार गाँजा व्यवस्थित रूपमा प्याकिङ गरी लुकाइएको अवस्थामा भेटिएको हो । गाडीभित्र सवारी दर्ता प्रमाणपत्रसमेत फेला परेको बताइएको छ।

उक्त घटना सीमा स्तम्भ नम्बर ३५७/०३ नजिक झरोखर गाउँ आसपासको क्षेत्रमा भएको हो । एसएसबीका प्रवक्ता बिनित कुमार सिंहका अनुसार बरामद गाँजा र सवारी साधन नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ भने फरार चालकको खोजी तीव्र पारिएको छ।

प्रारम्भिक अनुसन्धानले उक्त गाँजा नेपालतर्फको मकवानपुर जिल्लाबाट बारा हुँदै भारततर्फ लैजान खोजिएको हुन सक्ने संकेत गरेको छ । तर, नेपालतर्फको सुरक्षा संयन्त्रले यस्तो ठूलो परिमाणको लागूऔषध सीमासम्म कसरी पुग्न दियो भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ।

स्थानीयवासीका अनुसार सीमावर्ती क्षेत्रमा लागूऔषध ओसारपसार, तस्करी तथा अवैध गतिविधि रोक्न प्रभावकारी निगरानी हुन नसक्दा यस्ता घटना दोहोरिँदै आएका छन् । "नेपालतर्फबाट निगरानी कडा भएको

बाँकी तेश्रो पृष्ठमा

### श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय रामपुर्वा
**देवताल गाउँपालिका -७, बारा**
**मधेश प्रदेश नेपाल**
**स्थापित - २०१८**
( १-५ )

मिति: २०८३/ ०१/१६ गते

सुचना सुचना सुचना

**बिषयम : पोखरी ठेक्का सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस श्री ने.पा.आ. वि. रामपुर्वा देवताल गा.पा. वडा नम्बर ७ को कि.न. ११७ को ज.बि. ०-८-० ( आठ कठ्ठा ) को पोखरी ठेक्कापट्टा गर्न गा.पा. को निर्देशन र यस बिधालयको बि.ब्य. स. को मिति २०८३/०१/०७ गतेको निर्णयअनुसार मिति २०८३/०१/३० गते बुधबारको दिन ११:०० बजेदेखि ४:०० बजेसम्म यस बिधालयको प्राङ्गणमा डाक बढाबढ द्वारा पोखरी ठेक्का हुने भएकोले ठेकेदार महानुभावहरुले सो मिति र समयमा उपस्थित ठेक्काको शर्त अनुसार ठेक्का सकार गरीलिनु हुनका लागि यो सुचना प्रकाशन गरीएको छ।

शर्तहरू

१. पोखरीको ठेक्का पाँच बर्षको लागि हुनेछ।
२. सकार गर्ने ठेकेदार नेपाली नागरिक हुनुपर्ने छ ।
३. पोखरीको ठेक्का सरकार गर्दा ५ % धरौटी रकम राखी मात्र बोलपत्रमा भाग लिन पाउने छन्।
४. पोखरी सरकार गर्दा सबैभन्दा बढी बोल बोल्ने ठेकेदार र दोस्रो, तेस्रो क्रममा रहेको ठेकेदारको रकम भोग चलान पुर्जी नलिएसम्म सो रकम बिधालयमा रहने छ।
५. पोखरी सकार गरेको प्रथम किस्ता सकार गरेको सात दिन भित्रमा सिदार्थ बैंक शाखा देवतालको च.हि.न. ००२१७३७५४०८ मा वा बिधालयलाई नगद बुझाई चलन पुर्जी लिनुपर्ने छ। प्रथम बोल बोलेको ठेकेदारले चलन पुर्जी नलिएमा दोस्रो र तेस्रो ठेकेदारलाई चलन पुर्जी दिईनेछ।तिनै जना चलन पुर्जी नलिएमा धरौटी रकम जफत गरी बिधालयले पुन: अर्को ठेक्का गर्नेछ।
६. सरकार गरेको ठेकेदारको जग्गा बिधालयको नाममा धितो राख्नुपर्ने छ।
७. बिधालयको तर्फबाट पहिलो बोल रु २,०५,०००/-( दुई लाख पाँच हजार राखिएको छ।
८. दोस्रो बोल रु ५०००/- ( पाँच हजार ) भन्दा कम गरी बोल्न पाईने छैन।
९. पोखरीको ठेक्का सम्बन्धी सम्पुर्ण अधिकार बिधालयलाई हुनेछ।
१०. पहिलो बोलको ३५ मिनेट पछि अर्को बोल आएन भने बिधालय तर्फबाट बोल एक दुई भनेर बोलन्छ।अत: पश्चात् पनि अर्को बोल आएन भने तिन बोल बोलि ठेक्का सदर गरिनेछ।

प्रधानाध्यापक

## एक हप्तादेखि इन्टरनेट समस्या उस्तै, कलैया मालपोत कार्यालयको सेवा प्रभावित

***उपेन्द्र पासवान***
***बैशाख, १५ कलैया***

बारा जिल्लाको कलैया स्थित भूमि सुधार तथा मालपोत कार्यालयमा देखिएको इन्टरनेट समस्या एक हप्ता बित्दासमेत समाधान हुन नसक्दा सेवाग्राहीहरू थप मारमा परेका छन्। दैनिक लाखौं रुपैयाँ राजस्व संकलन हुने यस महत्वपूर्ण कार्यालयमा नेटवर्क अवरोधका कारण सेवा प्रवाह ठप्पजस्तै बनेको छ ।




यसअघि पनि इन्टरनेट समस्याबारे समाचार प्रकाशन भइसकेको भए पनि सम्बन्धित निकायको उदासीनताका कारण अवस्था जस्ताको तस्तै रहेको सेवाग्राहीहरूले गुनासो गरेका छन् । जग्गा किनबेच, नामसारी, धितो लगायतका अत्यावश्यक कामका लागि कार्यालय पुग्ने नागरिकहरू घण्टौँ लाइनमा बस्न बाध्य छन् भने धेरैले काम अधुरै छाडेर फर्किनुपर्ने अवस्था रहेको छ ।

"एक हप्ता अघि पनि समस्या थियो, अहिले पनि उस्तै छ। दिनभर लाइनमा बसेर पनि काम हुन सकेन," एक सेवाग्राहीले आक्रोश व्यक्त गरे ।

कार्यालयमा केही दिनदेखि निरन्तर इन्टरनेट अवरोध भइरहँदा सेवा प्रवाहमा गम्भीर असर परेको हो । तर, समस्या समाधानतर्फ सम्बन्धित निकायको प्रभावकारी पहल नदेखिएको भन्दै सेवाग्राहीहरू असन्तुष्ट बनेका छन् ।

कार्यालयका आइटी प्राविधिक प्रमुख जितेन्द्र यादव र निमित्त प्रशासन प्रमुख प्रभु कुशवाहाले इन्टरनेट समस्याकै कारण सेवा प्रवाहमा अवरोध आएको स्वीकार गरेका छन्। उनीहरूले समस्या समाधानका लागि प्रयास भइरहेको बताए पनि कहिलेसम्म सेवा पूर्ण रूपमा सुचारु हुन्छ भन्ने स्पष्ट जानकारी दिन सकेनन् ।

स्थानीयवासीहरूले पटक-पटक समस्या उठाइए पनि समाधान नहुनु सरकारी निकायको गैरजिम्मेवारी भएको आरोप लगाएका छन् । "राजस्व उठाउने कार्यालयमै यस्तो अवस्था हुनु दु:खद हो, यसले सेवाग्राहीमाथि अनावश्यक बोझ थपेको छ," अर्का एक स्थानीयले बताए ।

नियमित रूपमा लाखौं राजस्व संकलन हुने कार्यालयमा आधारभूत पूर्वाधारकै अभाव देखिनु र लामो समयसम्म समस्या समाधान नहुनुले सेवा प्रवाहको विश्वसनीयतामाथि प्रश्न उठेको छ। स्थानीय सरोकारवालाहरूले यथाशीघ्र इन्टरनेट समस्या समाधान गरी सेवा प्रवाहलाई सहज, छिटो र प्रभावकारी बनाउन सम्बन्धित निकायसँग जोडदार माग गरेका छन् । साथै, भविष्यमा यस्ता समस्या दोहोरिन नदिन दीर्घकालीन समाधानको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

## रौतहटमा विकास बजेटमा 'लुटतन्त्र' मच्चिएको भन्दै जसपा नेपालद्वारा सिडिओलाई ज्ञापनपत्र

***शु. आ. सम्बाददाता***
***रौतहट, १५ वैशाख***

मधेश प्रदेश सरकार मातहतका विकास अड्डाहरूमा व्यापक बेथिति भ्रष्टाचार र कमिसनतन्त्र मौलाएको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल रौतहटले जिल्ला प्रशासन कार्यालयमार्फत सरकारको ध्यानाकर्षण गराएको छ ।

जसपा नेपालका जिल्ला अध्यक्ष राजिव रंजन यादवको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै पूर्वाधार विकास कार्यालय र पर्यटन विकास कार्यालयका गतिविधिहरूमाथि गम्भीर प्रश्न उठाएको हो। ज्ञापनपत्रमा कर्मचारीतन्त्र दलालतन्त्र र राजनीतिक भागबन्डाका कारण सुशासनको धज्जी उडाइएको आरोप लगाइएको छ ।




ज्ञापनपत्रमा उठाइएका मुख्य बुँदाहरू: सम्मानित सर्वोच्च अदालतले सांसद विकास कोष जस्ता कार्यक्रमहरूमा रोक लगाएको सन्दर्भमा पनि प्रदेश सरकारले सांसदहरूलाई ५/५ करोडका योजना भागबन्डा गरेको भन्दै जसपाले आपत्ति जनाएको छ । यो कदम विधिको शासन विपरित रहेको ठहर गरिएको छ, पूर्वाधार कार्यालयमा कमिसनको जालो: पूर्वाधार विकास कार्यालय, गौरमा संसदीय कोष बाहेकका ४६८ वटा योजनाहरू रहेका छन्, ती योजनाहरूलाई पारदर्शी ढंगले कार्यान्वयन गर्नुको साटो कमिसनतन्त्र र राजनीतिक भागबन्डाको आधारमा वितरण गरिएको दाबी ज्ञापनपत्रमा गरिएको छ, सरकारी कार्यालयको जिम्मेवारी र कार्यशैलीमाथि प्रश्न उठाउँदै पूर्वाधार विकास कार्यालयका प्रमुख कार्यालयमा उपस्थित नहुने तर दर्ता र चलानी किताब जस्ता महत्वपूर्ण सरकारी अभिलेखहरू साथैमा लिएर बाहिरैबाट योजना सञ्चालन गर्ने गरेको गम्भीर आरोप लगाइएको छ,

विपन्नका लागि ल्याइएको निधि आवास योजना अन्तर्गतका करिब १५०० घरहरू वास्तविक आवश्यकता भन्दा पनि कमिसन र पहुँचका आधारमा वितरण गरिएको भन्दै यसको निष्पक्ष छानबिनको माग गरिएको छ । ज्ञापनपत्र बुझाउने क्रममा जसपा नेताहरू अमरुल हक, पारस भण्डारी, उपेन्द्र यादव, रामनरेश राय यादव, ललन यादव, विवेक यादव र राजकुमार दास तत्व लगायत दर्जनौं कार्यकर्ताको उपस्थिति रहेको थियो । जिल्ला अध्यक्ष राजिव रंजन यादवले यी समस्याहरूको तुरुन्त समाधान नभए र विकास निर्माणका कामहरू सार्वजनिक खरिद ऐन बमोजिम पारदर्शी नभए रौतहटका सचेत नागरिकहरू कडा आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिए ।

उक्त ज्ञापनपत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशका मुख्यमन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा सम्बन्धित विकास कार्यालयहरूलाई समेत पठाइएको छ । प्रशासनले यसबारे समयमै कदम नचाले जिल्लामा राजनीतिक र नागरिक दबाब अझ सशक्त हुने देखिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### लोककल्याणकारी विज्ञापनमा अनिश्चितताः सञ्चार क्षेत्रको चिन्ता बढ्दै

सरकारले लोककल्याणकारी विज्ञापनको भुक्तानी अनिश्चित हुने संकेत दिएसँगै सञ्चार क्षेत्र पुनः आर्थिक दबाबमा परेको छ । हुलाक सेवा विभाग अन्तर्गतका निकायहरुले वैशाख महिनामा प्रकाशित हुने विज्ञापनको भुक्तानी तत्काल सुनिश्चित नहुने सूचना जारी गरेपछि विशेषगरी साना तथा स्थानीय मिडियामा अन्योल बढेको हो ।

विज्ञापन बोर्ड मार्फत विज्ञापन पठाइसकिएको भए पनि "भुक्तानी नहुने शर्तमा" प्रकाशन गर्नुपर्ने अवस्था सिर्जना हुनु नीतिगत अस्पष्टता देखाउने उदाहरण हो । यसले सञ्चारमाध्यमको आर्थिक व्यवस्थापनमा थप चुनौती थपेको छ । पहिलेदेखि नै बक्यौता भुक्तानीको समस्यासँग जुधिरहेका मिडियाका लागि यो निर्णय झन् भारी बन्ने देखिन्छ । सरकारी विज्ञापन मुख्य आम्दानी स्रोत भएको अवस्थामा भुक्तानी अनिश्चित हुँदा सञ्चालनमै असर पर्ने खतरा बढेको छ । सरकारले बजेट अभावलाई कारण देखाए पनि समयमै व्यवस्थापन गर्न नसक्नुले नीति कार्यान्वयनमा कमजोरी देखिन्छ । यस्तो अवस्थाले सञ्चार क्षेत्रप्रतिको विश्वासमा असर पार्न सक्छ । अब आवश्यक छ—सरकारले शीघ्र बजेट सुनिश्चित गरी भुक्तानी प्रक्रिया स्पष्ट बनाओस् । साथै, भविष्यमा यस्ता अन्योल नआउने गरी दीर्घकालीन र व्यवस्थित विज्ञापन नीति आवश्यक देखिन्छ ।

# मीठो बोल, सम्मान बटुल



प्रकाश भट्टराई

'हड्डी नभएको जिब्रो'लाई विवेकको लगाम लगाउनु नै आजको आवश्यकता हो । हामीले बोल्ने प्रत्येक शब्दले अरूको आत्मसम्मानमा ठेस नपुगोस् भन्नेमा सचेत हुनुपर्छ। किनकि मीठो र सभ्य बोली नै असल संस्कारको पहिचान हो।

मानव सभ्यताको उच्चतम उपलब्धिमध्येको एक हो, भाषा। भाषा मानिसबीच हुने सञ्चारको माध्यम हो । भाषा नहुँदो हो त मानिस र जनावरमा खासै फरक हुने थिएन । तर पछिल्लो समयमा पनि मानिसबीचमा सञ्चारको क्रममा भाषालाई दुरुपयोग गरेर वा दुर्गन्धित बनाएर प्रयोग गर्ने क्रम व्यापक बनिरहेको छ । समाजमा विविध भाषिक स्वभावका मानिस हुन्छन् । कोही मानिस भद्र भाषा बोल्ने हुन्छन् त कोही उग्र । उग्र भाषा बोल्ने मानिसबाट अन्य मानिसले वाकहिंसा भोगेका हुन्छन् ।

'हाड नभएको जिब्रोले जे पनि बोल्छ' भन्ने त उखानै छ। केही संवेदनहीन मानिस जे पायो त्यही बोल्न अभ्यस्त हुन्छन् । उनीहरूले जानअञ्जानमा मनलाग्दी बोलिदिन्छन्, त्यस्तो बोलीले संवेदनशील मानिसमा मानसिक यातना वा चिन्ता उत्पन्न हुने स्थिति पैदा गराइदिन्छ। भनिन्छ 'बन्दुकको गोलीले भन्दा कुटिल बोलीको प्रहारले बढी पीडा दिन्छ ।' वास्तवमा कुटिल र तुच्छ बोलीले कसैलाई रुवाउनु वा दुखाउनु पनि एउटा अति ठूलो हिंसा हो । समाजमा वाकहिंसाको जगजगी नै चलेको छ ।

मानिसको दैनिक जीवनमा विभिन्न ठाउँमा असभ्य बोलीसँग साक्षात्कार हुन्छ। स्कुल क्याम्पसका विद्यार्थी साथी, खेलाडी साथी, कार्यालयमा सहकर्मीलगायत विविध क्षेत्रमा संगत गरिएका मानिसमध्ये कोही न कोही असभ्य बोली बोल्ने बानीका हुन्छन् । जे पायो त्यही बोलेर अरूको मनमा ठेस पुऱ्याउने र आफ्नो उचाइ गिराउने मानिस समाजमा प्रशस्त भेटिन्छन् । उनीहरूलाई शिष्टता र सभ्यताको ख्याल हुँदैन । अपशब्द वा फोहोरी शब्द बोल्ने मानिसको वाणी सुनेर अवोध बालबालिकाले पनि त्यसकै सिको गर्ने प्रवृत्ति व्यापक छ। एउटाले बोलेपछि अर्काले बोल्न थाल्छ, यसरी नै फोहोर बोल्ने क्रम व्यापक भएको छ । यस्तो अपशब्द बोल्ने प्रवृत्ति व्यापक भएको एउटा क्षेत्र यातायात हो । कतिपय खलासी, कन्डक्टर, चालक फोहोर बोल्न अति नै सिपालु हुन्छन् । भाडा उठाउने बेलामा होस् या अरू बेलामा त्यहाँ शब्दहरू अति नै अशिष्ट प्रयोग भएको सुनिन्छ । वास्तवमा चालक भनेका अति उच्च र संवेदनशील जिम्मेवारी भएका पेसाकर्मी हुन् ।

तर केही चालकको असभ्य बोली सुन्दा दिक्क लाग्छ । सार्वजानिक सवारीमा यात्रा गर्दा उनीहरूको बोलीले थुप्रैलाई अत्यास लाग्छ । साहुले नोकरलाई, हाकिमले सहायकलाई, बलियाले निर्धालाई, ठूलाले सानालाई दुर्वचन लगाएर हप्काउने सिलसिला व्यापक छ। पढेलेखेका र आफ्नो छुट्टै पहिचान बनाइसकेका अनि उच्च पदमा आसिन मानिसले समेत फोहोर बोलेको सुन्दा त यस्तो लाग्छ कि मानिसमा संवेदनशीलता हराइसकेको छ। फोहोर वचनले संवेदनशील मानिसको मनलाई रुवाउँछ । प्रायः मानिस कोमल र संवेदनशील मनका नै हुन्छन् । एक दशकअघि अमेरिकामा गरिएको एक अनुसन्धान मुताविक वाइपोलार डिस्अर्डरमा आउने डिप्रेसिभ फेजजस्तो कडा मानसिक रोगले पीडित मानिसमध्ये २४ प्रतिशतलाई त्यो रोग निम्तनुको प्रमुख कारक वाकहिंसाको सिकार हुनु रहेको छ ।

घरका सदस्यबाट दुर्वचन, गालीगलौज र उपेक्षा गरिएका विशेषगरी पाका उमेरका मानिसको मनस्थिति विचलित बन्छ। कतिपय अवस्थामा तिनले घरै छोडेर हिँड्ने वा कतिपयले त आत्महत्याको बाटो पनि रोजेका कैयौं दृष्टान्त छन् । दुर्वचन र उपेक्षाले आजित भएर केही लागुपदार्थको दुर्व्यसनमा पनि फस्ने गरेका छन् । बेइज्जतीपूर्ण गाली सहन नसकेर मानिस विचलित बन्छन र संयम गुमाउँछन् । यसको नतिजामा झैझगडा, कुटपिटलगायत हत्याहिंसासमेत निम्तिन सक्छ। कसैले निर्दोष मानिसलाई केही कुराको गलत आक्षेप लगायो भने त्यो अति ठूलो अन्याय हुन्छ र परिणामस्वरूप चरम कलह निम्तिन सक्छ । वाकयुद्धबाट कति मित्र शत्रु बन्छन्, कति आफन्त बैरी बन्न पुग्छन् । ज्यान दिन तयार हुनेहरू ज्यान लिन तयार हुन्छन् । वाकयुद्धबाट नै कति दम्पतीहरू एकअर्काबाट विरक्तिएर सम्बन्धविच्छेदसमेत गर्छन् ।

रक्सी र लागुपदार्थको नशामा अन्धाधुन्ध बोलिदिँदा मित्रवत् सम्बन्ध टुट्ने गरेको पाइन्छ । प्रकृतिले मानिसलाई मुख मीठो बोल्नका लागि दिएको हो, अपशब्द र असभ्य भाषा बोल्न होइन । अरूको मन दुखाउने गरी बोलिने शब्द वा वाक्यले कलह निम्त्याउँछ । असभ्यता, अराजकता, कलह निम्त्याउने शब्दले मानव समुदायमा दरार पैदा गरिदिन्छ । जीवनमा धेरै मानिससँग संगत, उठबस हुन्छ। सबैसामु सभ्य र सुसंस्कृत भएर प्रस्तुत भए इज्जत पाइन्छ, नत्र घृणामात्र हात लाग्छ। सभ्य बोलीले मानिसको असल संस्कार र चेतना झल्काउँछ, उसको गरिमा बढ्छ र उसले अरूबाट आड भरोसा पाउँछ। प्रत्येकको बोलीवचन सुशील र संयमित हुनु अत्यावश्यक छ, यसले मात्र शान्ति र सौहार्दता झाँगिन्छ । बोल्नुभन्दा पहिले अरूको मनमा ठेस नपुगोस् भनेर सोचेर बोल्नु महानता हो। थोरै बोल्ने र मीठो बोल्ने मानिसले प्रायजसो राम्रा मित्र कमाएको हामीले देखेकै छौं । मीठो शब्द र सम्मानका साथ बोले आफूले पनि अरूबाट सम्मान पाइन्छ। मर्यादित तरिकाले बोल्नु नै असल मानिसको एक प्रमुखमध्येको गुण हो ।

खराब बोली अत्यन्त कुटिलता हो । वाकहिंसाको सिलसिला बन्द गर्न सबै सचेत मानिस एकजुट हुनु आवश्यक छ। हाड नभएको जिब्रोमा विवेकको हाड हाल्न सक्नु असल मानिसको ठूलो खुबी हो। वाकहिंसाको पीडामा मुर्च्छित कमलो मन भएका मानिसलाई सबै मानिस क्रूर हुँदैनन् भन्ने सन्देश दिएर पीडामुक्त पार्नु पनि हाम्रो कर्तव्य हो। विद्यालय, कलेजमा विद्यार्थीमा सभ्य बोलीचालीको परम्परा बसाल्नको निम्ति शिक्षकहरूले उच्च प्रयत्न गर्नु जरुरी छ। साथीभाइको असभ्य बोली सुधार्नका लागि सचेत मानिसले नैतिक दबाब दिनुपर्छ । विशेषतः पछिल्लो समय निर्माण भएका केही चलचित्रमा निकृष्ट र असभ्य भाषा प्रयोग भएको पाइएको छ । यो प्रवृत्तिलाई निस्तेज पार्न पनि सचेत मानिस अग्रसर हुनुपर्छ। चलचित्रको प्रभाव दीर्घकालीन हुने भएकाले असभ्य संवाद हटाउन चलचित्र सेन्सर बोर्ड अग्रसर हुनुपर्छ । समाजका प्रत्येक क्षेत्रमा शाब्दिक अराजकता हट्नु पर्छ ।

शाब्दिक वा भाषिक तवरले गरिने परपीडन र परनिन्दाले मानवीय एकता कमजोर बनाउँछ। यसले कालान्तरमा सभ्य र शान्त समाज निर्माणमा कठिनाइ उत्पन्न गरिदिन्छ। वर्तमानमा शाब्दिक अराजकता भुसको आगोझैं बढिरहेको क्षेत्र हो सामाजिक सञ्जाल । सार्वजनिक पदमा रहेका निर्दोष मानिसहरूको पनि अति व्यक्तिगत जीवनमा धावा बोलेर बांगोटिंगो गराई सामग्रीहरू प्रेषण हुन्छन्। मानिसलाई इज्जत कमाउन जीवनभर लाग्छ भने इज्जत गुमाउन निमेषभर पनि लाग्दैन । मानिसको चरित्रहत्या गर्ने, अपशब्द प्रयोग गर्ने, अपमान र गालीगलौज गर्ने प्रवृत्ति व्यापक छ। केही मानिसले आफ्नो कुण्ठा र प्रतिशोधको भावना प्रकट गर्न सामाजिक सञ्जालको व्यापक दुरुपयोग गरिरहेका छन् । यसको प्रभावकारी नियमन जरुरी छ । मीठो, भद्र र सभ्य भाषा बोल्न, लेखन सक्नुनै असल मानवको उच्चतममध्येको एक विशेषता हो । यो कुरालाई नजरअन्दाज गर्नु कसैले पनि हुँदैन । हामी सबैलाई साथी बनाऔं, दुश्मन होइन। सभ्य हुनु नै सबैको मानवीय धर्म हो।

निष्कर्षमा, भाषा मानव सभ्यताको गौरव र सञ्चारको सशक्त माध्यम हो । तर, यसको दुरुपयोगले सिर्जना गर्ने 'वाकहिंसा' भौतिक चोटभन्दा पनि घातक सावित भइरहेको छ । सार्वजनिक यातायात, कार्यस्थल र विशेषगरी सामाजिक सञ्जालमा बढ्दै गएको अपशब्द र अशिष्ट बोलीले मानवीय संवेदनालाई मात्र कमजोर बनाएको छैन, बरु मानसिक रोग र सामाजिक विग्रहको बिउसमेत रोपेको छ ।

'हड्डी नभएको जिब्रो'लाई विवेकको लगाम लगाउनु नै आजको आवश्यकता हो । हामीले बोल्ने प्रत्येक शब्दले अरूको आत्मसम्मानमा ठेस नपुगोस् भन्नेमा सचेत हुनुपर्छ । विद्यालय, चलचित्र सेन्सर बोर्ड र समाजका हरेक तहबाट अश्लीलता र गालीगलौजविरुद्ध नैतिक दबाब सिर्जना गरिनुपर्छ। अन्ततः, मीठो र सभ्य बोली नै असल संस्कारको पहिचान हो। अरूलाई सम्मान दिएर मात्र आफूले सम्मान पाउन सकिन्छ भन्ने सत्यलाई आत्मसात् गर्दै एउटा मर्यादित र शान्त समाज निर्माणमा लाग्नु हामी सबैको मानवीय धर्म हो।




## अन्तराष्ट्रिय समाचार

# इरान प्रस्तावप्रति अमेरिका कठोर

*एजेन्सी-* युद्ध अन्त्य र हर्मुज जलघाँटी पुनः सञ्चालन गर्ने प्रस्ताव अघि सारे पनि इरानले आफ्नो आणविक कार्यक्रमबारे छलफल स्थगित गर्न खोजेपछि अमेरिकाले स्पष्ट रूपमा चासो नदेखाएको संकेत दिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्प नेतृत्वको प्रशासनले उक्त प्रस्तावलाई तत्काल स्वीकार गर्ने सम्भावना कमजोर देखिएको छ।



इरानले अमेरिकाले आफ्नो आर्थिक नाकाबन्दी हटाए युद्ध अन्त्य गर्ने र रणनीतिक रूपमा अत्यन्त महत्वपूर्ण स्ट्रेट अफ हर्मुज पुनः खोल्ने प्रस्ताव पठाएको थियो। तर उक्त प्रस्तावमा इरानको आणविक कार्यक्रमबारे वार्ता रोक्ने कुरा समावेश भएकाले वासिङ्टन असन्तुष्ट देखिएको हो।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सोमबार फक्स न्युजसँगको अन्तर्वार्तामा स्पष्ट पार्दै कुनै पनि सम्झौताले इरानलाई भविष्यमा आणविक हतियारतर्फ जानबाट रोक्नुपर्ने अनिवार्य शर्त रहेको बताए। उनले भने, "हामीले सुनिश्चित गर्नुपर्छ कि कुनै पनि सम्झौताले उनीहरूलाई कुनै पनि अवस्थामा आणविक हतियार विकास गर्ने बाटोमा अघि बढ्न नदियोस्।" रुबियोले इरानको प्रस्ताव पाकिस्तानमार्फत आएको पुष्टि गर्दै त्यसप्रति गम्भीर सन्देह व्यक्त गरे। उनका अनुसार इरानी नेतृत्व वार्तामा समय तान्न दक्ष रहेको छ र त्यसलाई सजिलै विश्वास गर्न सकिने अवस्था छैन।

ह्वाइट हाउसले पनि राष्ट्रपतिको राष्ट्रिय सुरक्षा टोलीले प्रस्तावबारे छलफल गरिसकेको जनाएको छ। राष्ट्रपति ट्रम्पले यस विषयमा पछि औपचारिक प्रतिक्रिया दिने बताइएको छ। यसबीच, इरानका विदेशमन्त्री अब्बास अराघचीले मस्को भ्रमणपछि उक्त प्रस्ताव सार्वजनिक गरेका हुन्। तेहरानको दीर्घकालीन सहयोगी मानिने रुसले यस विषयमा कस्तो भूमिका खेल्ने भन्ने अझै स्पष्ट भएको छैन।

युद्धको मानवीय क्षति भने दिनप्रतिदिन बढ्दो छ। इरानमा हालसम्म कम्तीमा तीन हजार ३७५ जनाको ज्यान गएको छ भने लेबनानमा दुई हजार ५२१ जनाको मृत्यु भइसकेको छ।

इजरायल र इरान समर्थित हिजबुल्लाहबीच युद्ध सुरु भएको दुई दिनपछि पुनः चर्किएको द्वन्द्वले क्षेत्रीय अस्थिरता थप गहिरो बनाएको छ। इजरायलमा २३ जनाको ज्यान गएको छ भने खाडीका अरब राष्ट्रहरूमा एक दर्जनभन्दा बढीको मृत्यु भएको छ। यसैबीच, लेबनानमा १६ इजरायली सैनिक, क्षेत्रमा १३ अमेरिकी सैनिक र दक्षिणी लेबनानमा छ जना संयुक्त राष्ट्रसङ्घका शान्तिरक्षकहरू मारिएका छन्। अमेरिकी अधिकारीहरूले इरानको व्यवहारलाई विश्व ऊर्जा सुरक्षाका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्ने बताएका छन्। अमेरिकी विदेश मन्त्रालयकी राजनीतिक मामिला उपसचिव एलिसन हुकरले क्रोएसियाको डुब्रोभनिकमा आयोजित बहुपक्षीय भेलामा बोल्दै हर्मुज जलघाँटीमा इरानको गतिविधिलाई 'अवैध' भन्दै त्यसले विश्वलाई ऊर्जा आपूर्ति सुरक्षाबारे पुनर्विचार गर्न बाध्य पारेको बताइन्। उनले भने, 'यो घटनाले हाम्रो आपूर्ति शृङ्खलालाई सुरक्षित बनाउने र अविश्वसनीय साझेदारमाथिको निर्भरता घटाउने आवश्यकता स्पष्ट पारेको छ।' हुकरका अनुसार विश्व तीव्र गतिमा परिवर्तन भइरहेकाले ऊर्जा स्रोतको विविधीकरण र अन्तरदेशीय सहकार्य अझै मजबुत बनाउनुपर्ने समय आएको छ।

रुबियोले पनि इरानको आणविक महत्वाकांक्षा नै मुख्य समस्या भएको दोहोर्‍याउँदै यदि वर्तमान धार्मिक नेतृत्व कायम रह्यो भने भविष्यमा इरानले आणविक हतियार विकास गर्ने निर्णय लिन सक्ने बताए।

उनले भने, 'त्यो आधारभूत मुद्दा अझै समाधान हुन बाँकी छ, र यही नै अहिलेको सबैभन्दा ठूलो चिन्ता हो।'

## सीमामा.......

दाबी गरिए पनि यति ठूलो परिमाणको गाँजा सीमा पार गर्न सजिलै पुग्नु सुरक्षा संयन्त्रकै कमजोरी हो," एक स्थानीयले प्रतिक्रिया दिए।

विशेषगरी दशगज्जा क्षेत्रजस्तो संवेदनशील भूभागमा संयुक्त समन्वय, नियमित गस्ती र प्रविधियुक्त निगरानी अपर्याप्त हुँदा तस्करी मौलाउने गरेको आरोपसमेत लाग्दै आएको छ।

यस घटनाले सीमा सुरक्षामा संलग्न निकायबीचको समन्वय, जिम्मेवारी र कार्यक्षमतामाथि गम्भीर बहस सुरु गराएको छ।

सुरक्षा विज्ञहरूले यस्तो घटनाले केवल तस्करी नियन्त्रणमै नभई समग्र सीमा व्यवस्थापन प्रणालीमै सुधारको आवश्यकता औँल्याउने बताएका छन्।

यदि यस्ता गतिविधि समयमै नियन्त्रण हुन सकेनन् भने सीमावर्ती क्षेत्र लागूऔषध तस्करीको सुरक्षित मार्ग बन्ने जोखिम बढ्ने चेतावनी दिइएको छ।

## सरकारी......

गरिरहेको तथ्य फेला परेको थियो। त्यसपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८३ वैशाख १० गते सबै मन्त्रालय, निकाय र संवैधानिक आयोगहरूलाई परिपत्र जारी गर्दै कानुनले नदिएको सुविधा लिइरहेका सबै सवारीसाधन तत्काल फिर्ता गर्न निर्देशन दिएको थियो। सोही निर्देशनअनुसार अहिले धमाधम सवारीसाधन फिर्ता हुने क्रम जारी छ। सरकारले अब कानुनले तोकेबाहेक कुनै पनि कर्मचारी वा पदाधिकारीले सरकारी सवारीसाधन व्यक्तिगत रूपमा प्रयोग गर्न नपाउने स्पष्ट पारेको छ। यद्यपि, विशेष काम वा आवश्यकताका आधारमा सामूहिक रूपमा सवारीसाधन प्रयोग गर्न सकिने व्यवस्था भने रहनेछ। कानुनविपरीत सवारी प्रयोगका कारण राज्यको ढुकुटीमा परेको आर्थिक भारबारे समेत विस्तृत अध्ययन भइरहेको जनाइएको छ। अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि र मुलुकको समग्र आर्थिक अवस्थालाई ध्यानमा राख्दै इन्धन, मर्मत तथा अन्य सुविधामा हुने खर्च कटौती गर्न यो कदम चालिएको हो।

सरकारको यस अभियानले प्रशासनिक अनुशासन कायम गर्दै फजुल खर्च नियन्त्रण गर्ने र सुशासन प्रवर्द्धन गर्ने विश्वास गरिएको छ। सरोकारवालाहरूले दीर्घकालीन रूपमा यस्ता कदम प्रभावकारी रूपमा कार्यान्वयन भएमा सार्वजनिक स्रोतको दुरुपयोग नियन्त्रणमा उल्लेखनीय सुधार आउने अपेक्षा गरेका छन्।

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

# सीमाबाट १०० रूपैयाँभन्दा बढी सामानमा भन्सारबारे सर्वोच्चको 'कारण देखाउ' आदेश

*काठमाडौं, १५ वैशाख*

सर्वोच्च अदालत ले नेपाल-भारत सीमानाकाबाट घरायसी प्रयोजनका लागि ल्याइने १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार शुल्क लगाउने सरकारी निर्णयविरुद्ध परेको रिट निवेदनमा सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको छ। न्यायाधीश नृपध्वज निरौला को एकल इजलासले उक्त आदेश जारी गर्दै अन्तरिम आदेश दिनुपर्ने वा नपर्ने विषयमा छलफलका लागि दुवै पक्षलाई उपस्थित हुन निर्देशन दिएको हो।




अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतो, सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले दायर गरेको रिटमा भारतसँगको खुला सीमाबाट आउने यात्रुका लागि १०० रुपैयाँको मात्रै भन्सार छुट सीमा तोकिएको निर्णयलाई असंवैधानिक र विभेदकारी भएको जिकिर गरिएको छ।

रिट निवेदनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वा नेपाल-चीन सीमा नाका बाट आउने यात्रुका लागि भन्सार छुटको सीमा तुलनात्मक रूपमा उच्च रहेको तर भारतसँगको खुला सीमामा अत्यन्त न्यून सीमा तोकिनुले मधेस तथा तराई क्षेत्रका नागरिकमाथि भौगोलिक र वर्गीय विभेद सिर्जना गरेको उल्लेख गरिएको छ।

निवेदकहरूले आजको महँगीको अवस्थामा १०० रुपैयाँमा कुनै पनि दैनिक उपभोग्य वस्तु खरिद गर्न नसकिने भन्दै उक्त सीमा 'अव्यवहारिक र अतार्किक' भएको दाबी गरेका छन्। यस व्यवस्थाका कारण सीमावर्ती क्षेत्रका सर्वसाधारणले तरकारी, औषधि, कपडा जस्ता अत्यावश्यक सामग्री ल्याउँदा भन्सार कर्मचारी र सुरक्षाकर्मीबाट हैरानी खेप्नु परेको पनि रिटमा उल्लेख छ।

साथै, मुद्दाको अन्तिम किनारा नलागेसम्म सीमावर्ती नागरिकलाई दैनिक उपभोग्य वस्तु तथा विवाह वा सामाजिक संस्कारका लागि ल्याइने सामानमा अवरोध नगर्न र भन्सार नलिन अन्तरिम आदेश जारी गर्न माग गरिएको छ।

रिटमा सन् १९६० मा सम्पन्न नेपाल-भारत व्यापार सन्धि १९६० का प्रावधानअनुसार दुई देशबीच वस्तुको सहज आवतजावत हुनुपर्नेमा उक्त सरकारी निर्णयले सन्धिको मर्मविपरीत काम गरेको दाबी गरिएको छ।

सर्वोच्चको यस आदेशसँगै उक्त विवादित निर्णयको संवैधानिकता र व्यवहारिक पक्षबारे न्यायिक परीक्षण सुरु भएको छ, जसको अन्तिम निष्कर्षले सीमावर्ती क्षेत्रका लाखौँ नागरिकलाई प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

महागढीमाई नगरपालिका, बरियारपुर, बारा


# वीरगंज भन्सार मातहतका ११ मध्ये ८ वटा छोटी भन्सार बन्द

*पर्सा, १५ वैशाख*

वीरगंज भन्सार कार्यालय मातहतका पर्सा र बारामा रहेका ११ मध्ये २ वटा छोटी भन्सार कार्यालय मात्र सञ्चालनमा रहेका छन्। बाँकी ९ वटा छोटी भन्सार कार्यालय लामो समयदेखि बन्द छन्।

राजस्व संकलन वृद्धि गर्ने उद्देश्यसहित सरकारले १०० रुपैयाँभन्दा बढीको सामान भारतबाट ल्याउँदा भन्सार शुल्क तिर्नु पर्ने नियम कडाइका साथ लागू गरी रहदा छोटी भन्सार कार्यालहरू भने बन्द अवस्थामा छन्। पर्साको ठोरी र बाराको मटिअर्वा छोटी भन्सार मात्र हाल सञ्चालनमा छन्। बाराका पिपरपाति, सिम्रौनगढ, कवही र कचोर्वा छोटी भन्सार कार्यालय लामो समयदेखि बन्द रहेका छन्। त्यसैगरी, पर्साका सिर्सिया, भिस्वा, अलौ, गाढ प्रसौनी र जानकीटोला छोटी भन्सार पनि ठप्प छन्। २ सातायता सीमामा सुरक्षाकर्मीले कडाइ गरेका छन्। यहाँ मुलुककै प्रमुख स्थल नाका वीरगंज मात्र नभई ग्रामिण भेगमा पनि थुप्रै नाका छन्।



छोटी भन्सार कार्यालयहरूमा कर्मचारी अभावका कारण बन्द गर्नु पर्ने अवस्था आएको हो।

छोटी भन्सार बन्द रहँदा सीमावर्ती नेपाली उपभोक्तालाई भन्सार शुल्क तिरेरै भारतबाट मालसामान ल्याउन समेत समस्या भइरहेको छ।

छोटी भन्सार भएका अधिकांश नाका बजारहरू अहिले ठूलो बजारको रुपमा परिणत भईसकेका छन्। त्यहाँबाट दैनिक भारतीय बजारमा गई किनमेल गरेर फर्किने नेपालीको संख्या बाक्लै हुन्छ। सीमामा भन्सार कार्यालय नै नहुँदा सरकारले दैनिक ठूलो परिमाणमा राजस्व समेत गुमाई रहेको छ।

सीमामा भन्सार कार्यालय नहुँदा आयातकर्ताले राजस्व तिरेर ल्याउन चाहे पनि त्यसो गर्न पाउँदैनन्। कोरोना महामारीपछि बन्द रहेको सिम्रौनगढ छोटी भन्सार पुनः सञ्चालनका लागि त्यहाँका बासिन्दाले आन्दोलनने गरेका थिए। तर, उक्त भन्सार पनि नियमित छैन।

हाल सञ्चालनमा रहेका छोटी भन्सारहरुमा १-१ नायब सुब्बा र कार्यालय सहयोगी खटाएको छ। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनाली साना-तिना छोटी भन्सारहरू बन्द गर्दै लग्ने नीति रहेको बताउँछन्। 'गाउँ गाउँमा भन्सार खोल्दा चोरी निकासी झनै बढ्छ,' उनले भने, 'यसो गर्दा मल भन्सार पनि कमजोर बन्न जान्छ, १-२ ठाउँमा मात्र छोटी भन्सार चलाएर बाँकी रहेका छोटी भन्सार नाकाको जिम्मा सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीलाई लगाउने नीति छ।'

छोटी भन्सार सञ्चालन गर्दा त्यहाँ केवल कर्मचारीको व्यवस्था गरेर मात्र नहुने उनको भनाइ छ। उनले भन्सारमा कम्प्युटरमा रहेको प्रणाली, बैंक, खाद्य तथा पशु क्वारेन्टाइन आदि पनि सञ्चालन गर्नु पर्ने भएकाले छोटी भन्सार सन्चालन गरी राख्न सम्भव नहुने उनले बताए। संभार: कान्तिपुर


## जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# सरकारी विज्ञापन नीति विरुद्ध पत्रकार महासंघ बारा शाखाको आपत्ति

***शु.आ. सम्बाददाता***
***बारा, १५ बैशाख***

नेपाल पत्रकार महासंघ बारा शाखाले सरकारी सञ्चारमाध्यममार्फत मात्रै विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सरकारी निर्णयप्रति गम्भीर आपत्ति जनाएको छ। महासंघले उक्त निर्णयले निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि प्रत्यक्ष नकारात्मक असर पार्ने भन्दै तत्काल सच्याउन माग गरेको हो ।



महासंघद्वारा जारी विज्ञप्तिमा नेपाली सञ्चार क्षेत्र लामो समयदेखि आर्थिक संकटसँग जुधिरहेको उल्लेख गर्दै श्रमजीवी पत्रकारहरूले नियमित पारिश्रमिकसमेत नपाइरहेको अवस्थामा यस्तो निर्णयले सञ्चारमाध्यमको अस्तित्वमै प्रश्न खडा गर्ने चेतावनी दिइएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णय (मिति २०८२ चैत १८) अनुसार संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायहरूले सरकारी सञ्चारमाध्यममा मात्र विज्ञापन दिने व्यवस्था गरिएको छ। यस व्यवस्थाले पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनजस्ता निजी सञ्चारमाध्यमको सञ्चालनमा गम्भीर चुनौती थपिने महासंघको ठहर छ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान तथा महासंघ बारा शाखाका अध्यक्ष रमेश सुवेदीले जिल्ला समन्वय समितिका निमित्त प्रमुख रोशन साहलाई ध्यानाकर्षण पत्र बुझाउँदै उक्त निर्णयप्रति असहमति जनाएका छन् । पत्रमा स्थानीय तहहरूलाई विज्ञापन वितरणमा समावेशी नीति अपनाउन आग्रह गरिएको छ ।

महासंघले जिल्लाका सबै पालिकाहरूलाई विज्ञापन वितरण गर्दा निष्पक्ष, पारदर्शी र सन्तुलित ढंगले उपलब्ध गराउन अनुरोध गरेको छ।

साथै, सरकारी विज्ञापनसम्बन्धी वर्तमान नीतिले सञ्चार क्षेत्रको बहुलवाद कमजोर पार्ने, निजी सञ्चारमाध्यमलाई विस्थापित गर्ने तथा प्रेस स्वतन्त्रतामाथि प्रत्यक्ष असर पार्ने भन्दै तत्काल पुनर्विचार गर्न सरकारसँग माग गरिएको छ ।

महासंघले चेतावनी दिँदै भनेको छ– यदि निर्णय सच्याइएन भने सञ्चार क्षेत्र थप आर्थिक संकटमा धकेलिने मात्र होइन, लोकतान्त्रिक अभ्यासका आधारस्तम्भका रूपमा रहेको स्वतन्त्र प्रेससमेत कमजोर बन्ने जोखिम बढ्नेछ ।

# ८ वर्षदेखि अलपत्र निर्माण कार्यप्रति हरपतगञ्जवासी आक्रोशित, ठेकेदारमाथि कारबाहीको माग

***पर्सा, १५ बैशाख***

वीरगंज महानगरपालिका वडा नम्बर २० हरपतगञ्जका स्थानीयवासीहरूले लामो समयदेखि अलपत्र परेको निर्माण कार्यप्रति तीव्र असन्तुष्टि जनाएका छन् । ठेकेदार हरिनारायण र पप्पु कन्स्ट्रक्सनको लापरवाहीका कारण करिब ८ वर्षदेखि आयोजना अधुरै रहेको भन्दै उनीहरूले आक्रोश व्यक्त गरेका हुन् ।



स्थानीयका अनुसार ८ वर्षअघि भएको ठेक्का सम्झौताअनुसार निर्माण कार्य निर्धारित समयमै सम्पन्न हुनुपर्ने भए पनि हालसम्म काम पूरा नभएकोले दैनिक जनजीवन प्रभावित भएको छ । अधुरो संरचनाका कारण आवतजावतमा समस्या, धुलो-हिलोको जोखिम तथा विभिन्न असुविधा झेल्नुपरेको उनीहरूको गुनासो छ।

"विकासका नाममा सुरु गरिएको योजना वर्षौंसम्म अलपत्र पारिँदा जनतामा निराशा बढेको छ," एक स्थानीयले भने, "यसले सरकारी कामप्रति विश्वास नै कमजोर बनाएको छ ।"

समस्या समाधानका लागि दबाब सिर्जना गर्न स्थानीयवासीहरूले जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमार्फत उनीहरूले ठेक्का सम्झौताअनुसार निर्माण कार्य तत्काल सम्पन्न गराउन र लापरवाही गर्ने ठेकेदारमाथि कडा कारबाही गर्न माग गरेका छन् ।

स्थानीयहरूले समयमै काम सम्पन्न नहुँदा सरकारी बजेटको दुरुपयोग भएको आशंका समेत व्यक्त गरेका छन् । उनीहरूले सम्बन्धित निकाय, विशेषगरी महानगरपालिका र सरोकारवाला निकायलाई जिम्मेवार र जवाफदेही बन्न आग्रह गरेका छन् ।

लामो समयसम्म आयोजना अलपत्र रहनु विकास व्यवस्थापनको कमजोरी भएको भन्दै सरोकारवालाहरूले यसतर्फ गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन्। अन्यथा यस्ता घटनाले विकास निर्माणप्रति जनविश्वास झनै कमजोर बन्ने चेतावनीसमेत स्थानीयहरूले दिएका छन् ।

# ध्वनि प्रदूषण गर्ने मोटरसाइकलमाथि रौतहट प्रहरीको कडाइ, तीन सवारी नियन्त्रणमा

***शु.आ. सम्बाददाता***
***रौतहट, १५ बैशाख***

जिल्ला प्रहरी कार्यालय रौतहटले स्वरूप परिवर्तन गरी ध्वनि प्रदूषण फैलाउँदै सञ्चालनमा रहेका मोटरसाइकलमाथि कडाइ थालेको छ । प्रहरी गस्तीका क्रममा यस्ता सवारीसाधन नियन्त्रणमा लिई आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको हो ।



कार्यालयद्वारा जारी प्रेस विज्ञप्तिअनुसार २०८३ वैशाख १३ र १४ गते गौर नगरपालिका क्षेत्रभित्र विभिन्न चोक, बजार तथा हाट क्षेत्रमा गरिएको चेकजाँचका क्रममा ध्वनि प्रदूषण गर्ने मोटरसाइकलहरू फेला परेका थिए। मोटरसाइकलका सलेन्सर, भिजर, सिट, लेगार्डलगायतका पार्टपुर्जा परिवर्तन गरी ठूलो आवाज निकाल्ने बनाइएको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार गस्ती टोलीले तीन वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ । तीमध्ये भारतीय नम्बर बीआर ०६ डीजे ९९३५ को यामाहा, बीआर ०६ डिसी ८३९८ को एमटी-१५ र ना ४१ प ४८७३ नम्बरको एफजेड मोटरसाइकल रहेका छन्।

प्रहरीका अनुसार यस्ता स्वरूप परिवर्तन गरिएका सवारीसाधनले ध्वनि प्रदूषण मात्र होइन, सडकमा हिँडडुल गर्ने सर्वसाधारणलाई समेत असुविधा पुर्‍याउँदै आएका छन्। नियन्त्रणमा लिइएका मोटरसाइकलहरूलाई आवश्यक कारबाहीका लागि यातायात व्यवस्था कार्यालय गौरमा पठाइएको प्रहरीले जनाएको छ।

प्रहरीले सवारीसाधनको अवैध रूपमा स्वरूप परिवर्तन नगर्न तथा ध्वनि प्रदूषण फैलाउने गतिविधि नगर्न सबैलाई अनुरोध गरेको छ । साथै, यस्ता गतिविधिमाथि निगरानी तथा कारबाहीलाई आगामी दिनमा थप कडाइका साथ निरन्तरता दिइने चेतावनीसमेत दिएको छ।

# यमुनामाईमा नमुना बाल नगर सभा प्रशिक्षण सम्पन्न, बाल अधिकारबारे सचेतना अभिवृद्धि

***शु. आ. सम्बाददाता***
***रौतहट, १५ बैशाख***

"सशक्त महिला, समृद्ध नेपाल" भन्ने मूल नारासहित रौतहटको यमुनामाई गाउँपालिकामा बाल सञ्जालका पदाधिकारीहरूका लागि नमुना बाल नगर सभा प्रशिक्षण तथा अभ्यास कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमले बालबालिकाहरूलाई स्थानीय शासन प्रणालीबारे व्यावहारिक ज्ञान दिँदै उनीहरूको नेतृत्व क्षमता विकासमा टेवा पुर्‍याएको छ।



लाइफ नेपाल, युरोपियन युनियन र संयुक्त राष्ट्र संघको आर्थिक सहयोगमा सञ्चालित "सशक्त महिला, समृद्ध नेपाल" परियोजना अन्तर्गत श्री जनता माध्यमिक विद्यालय, सरुअठामा आयोजना गरिएको कार्यक्रममा बाल सञ्जालमा आबद्ध बालबालिकाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमका क्रममा सहभागी बालबालिकाहरूलाई स्थानीय तहको नीति निर्माण प्रक्रिया, योजना तर्जुमा तथा बाल अधिकारका विषयमा कसरी प्रभावकारी रूपमा आवाज उठाउने भन्नेबारे प्रयोगात्मक अभ्यास गराइएको थियो । नमुना बाल नगर सभा अभ्यासमार्फत उनीहरूले आफ्ना समस्या पहिचान गर्ने, प्रस्तुत गर्ने र समाधानका उपाय खोज्ने सीप सिकेका थिए । कार्यक्रममा यमुनामाई गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामश्रेष्ठ यादव, इन्जिनियर नितेश कुमार सिंह, स्वास्थ्य संयोजक सुधिर कुमार सिंह तथा विद्यालयका प्रधानाध्यापक उपेन्द्र यादवलगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो। सहभागीहरूले यस्ता कार्यक्रमले बालबालिकालाई स्थानीय सरकारको कार्यप्रणाली बुझ्न र आफ्नो अधिकारबारे सचेत हुन महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन् । यसै अवसरमा मधेश प्रदेशका बालबालिकाका लागि उपलब्ध बाल पोषण भत्ताबारे विस्तृत जानकारी दिइएको थियो । ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउने उद्देश्यले दलित तथा लक्षित वर्गका (एक आमाका बढीमा दुई सन्तान) बालबालिकालाई मासिक रु. ५३२ प्रदान गरिने व्यवस्था रहेको जानकारी गराइयो । यसका लागि अनिवार्य रूपमा जन्मदर्ता गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने जनाइएको छ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध सेवा, सुविधा तथा परिचय पत्र प्राप्त गर्ने प्रक्रियाबारे पनि जानकारी दिइएको थियो। अपाङ्गताको प्रकृतिअनुसार चार प्रकारका परिचय पत्र (रातो, निलो, पहेलो र सेतो) प्रदान गरिने र सोही आधारमा सामाजिक सुरक्षा भत्ता तथा अन्य सहुलियतहरू उपलब्ध हुने व्यवस्था रहेको जानकारी सहभागीहरूलाई दिइयो।

पूर्ण अशक्त (क वर्ग) ले मासिक रु. ३,९९०, अति अशक्त (ख वर्ग) ले रु. २,१२८ प्राप्त गर्ने तथा अन्य वर्गले विभिन्न सहुलियतहरू पाउने व्यवस्था रहेको छ । साथै, अपाङ्गता भएका बालबालिकालाई शिक्षामा पूर्ण शुल्क छुट, सार्वजनिक यातायातमा ५० प्रतिशत भाडा छुट, भन्सार तथा कर छुट लगायतका सुविधा प्रदान गरिने जानकारी दिइएको थियो।

कार्यक्रमले बालबालिकामा नेतृत्व विकाससँगै सरकारी सेवा तथा सुविधाबारे समुदायमा सचेतना फैलाउन महत्वपूर्ण योगदान पुर्‍याएको सहभागीहरूको भनाइ छ।

# सरकारी सवारी दुरूपयोग नियन्त्रणमा सरकार कडा, ६२२ गाडी फिर्ता

***काठमाडौं, १५ बैशाख***

राज्यको सीमित स्रोत-साधनमाथि वर्षौंदेखि हुँदै आएको दुरुपयोग नियन्त्रण गर्न सरकार सक्रिय बनेको छ। सुशासन कायम गर्ने लक्ष्यसहित प्रधानमन्त्री बालेन्द्र शाह को निर्देशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानुनविपरीत प्रयोग भइरहेका सरकारी सवारीसाधन फिर्ता लिने अभियान सुरु गरेको हो ।




कार्यालयका अनुसार हालसम्म विभिन्न मन्त्रालय, मातहतका निकाय तथा संवैधानिक आयोगहरूबाट ६२२ वटा सरकारी सवारीसाधन फिर्ता लिइसकिएको छ । यो कदमलाई सरकारी स्रोतको दुरुपयोग नियन्त्रणतर्फ महत्वपूर्ण पहलका रूपमा हेरिएको छ । प्रधानमन्त्रीको सचिवालयले गरेको प्रारम्भिक अध्ययनमा राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका पदाधिकारीले मात्र सरकारी सवारीसाधन सुविधा पाउने कानुनी व्यवस्था रहे पनि तल्लो तहका कर्मचारी तथा पदाधिकारीहरूले समेत व्यापक रूपमा चारपाङ्गे सवारी प्रयोग

बाँकी तेश्रो पृष्ठमा

# वीरगंजमा चेकजाँचका क्रममा झडप, दुई सुरक्षाकर्मी घाइते

***पर्सा, १५ बैशाख***

वीरगंजको अलखिया मठ अगाडि सीमावर्ती क्षेत्रमा गरिएको चेकजाँचका क्रममा उत्पन्न विवाद झडपमा परिणत हुँदा दुई जना सुरक्षाकर्मी सामान्य घाइते भएका छन् ।



सुरक्षा स्रोतका अनुसार तस्करीमा संलग्न भनिएका केही महिलाहरूबाट सामान नियन्त्रणमा लिन खोज्दा विवाद सुरु भएको थियो। चेकजाँचका क्रममा सुरक्षाकर्मी र महिलाबीच भनाभन भएपछि स्थिति तनावग्रस्त बन्दै झडपको रूप लिएको हो ।

झडपका क्रममा सशस्त्र प्रहरी बल नेपाल का दुई जवान सामान्य घाइते भएको जनाइएको छ । घाइतेहरूको अवस्था सामान्य रहेको र उनीहरूलाई प्राथमिक उपचारपछि फर्काइएको बताइएको छ। घटनापछि सुरक्षाकर्मीले महिलाहरूबाट एक पोका सेन्डो गन्जी नियन्त्रणमा लिई भन्सार कार्यालय वीरगंजमा बुझाएको जनाएको छ । साथै, झडपमा संलग्न महिलाहरूलाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

सीमावर्ती क्षेत्रमा अवैध ओसारपसार तथा तस्करी नियन्त्रणका लागि सुरक्षा निकायले नियमित रूपमा चेकजाँच अभियान सञ्चालन गर्दै आएका छन् । पछिल्लो समय यस्ता गतिविधि बढ्दै गएको भन्दै निगरानी थप कडा बनाइएको सुरक्षा अधिकारीहरूले बताएका छन्। घटनाले सीमाक्षेत्रमा हुने चेकजाँचको क्रममा संवेदनशीलता र समन्वयको आवश्यकता औंल्याएको छ भने स्थानीयस्तरमा बढ्दो तनाव व्यवस्थापनतर्फ समेत ध्यान दिनुपर्ने देखिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका